नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

(अनुगमन शाखा )

पं. सं. २०६८।२०६९ अनुगमन शाखा । च.नं. १५

अत्यन्त जरुरी

सिंहदरबार काठमाण्डौ

मिति २०६८।५।२

बिषय : कार्यान्वयन गर्न निर्णयको प्रतिलिपि र अनुगमनको रिपोर्टको सारांश समेत पठाएको बारे ।

श्री स्थानीय शान्ति समितिको कार्यालयहरु ७४ जिल्ला ।

श्री शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, सिंहदरवार, काठमाण्डौ ।

श्री प्रहरी प्रधान कार्यालय नक्शाल कठमाण्डौ ।

श्री शहरी विकास तथा भवन निर्माण विभाग,बबरमहल काठमाण्डौ ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR), जवलाखेल ललितपुर ।

श्री प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा,

श्री द्वन्द्व व्यवस्थापन महाशाखा,

श्री राहत तथा पुर्नस्थापन महाशाखा,

श्री कानून तथा सञ्चार महाशाखा,

श्री शान्ति संयन्त्र समन्वय महाशाखा

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री शान्ति कोष सचिवालय, नेपाल औषधी लिमिटेड भवन, बबरमहल काठमाण्डौ ।

श्री पूर्वाधार तथा पुनर्निर्माण महाशाखा (परियोजना) नेपाल औषधी लिमिटेड भवन, बबरमहल काठमाण्डौ ।

श्री राहत तथा पुनर्स्थापन ईकाई बबरमहल काठमाण्डौ ।

श्री राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) निर्माण कार्यदल,कार्य सम्पादन समिति यज्ञडोल,जगडोल (सामुदायिक बन)गोकर्ण गा.बि.स. वडा नं १ ,काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय गोरखा ।

श्री जिल्ला बिकास समितिको कार्यालय गोरखा ।

श्री जिल्ला प्राबिधिक कार्यालय गोरखा ।

श्री शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय गोरखा ।

श्री शिक्षा बिभाग । छात्रबृत्ति । निर्माण शाखा  सानोठिमी , भक्तपुर ।

श्री ध्रुव गैंडा, उपसचिव (साबिक कार्यालय सचिव)  बिघटित द्वण्द्व प्रभाबित व्यक्ति , परिवार तथा संरचनाको लगत संकलन कार्यदल, बबरमहल काठमाण्डौ, नेपाल ।

उपरोक्त बिषयमा मन्त्रालयस्तरीय बिकास समस्या समाधान समितिका अध्यक्ष एवं माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री पम्फा भुसालज्यूको अध्यक्षतामा मिति २०६८।५।१ गते बिहीबारका दिन यस मन्त्रालयमा बसेको बैठकले यस मन्त्रालय मातहतका निकायहरु तथा अन्य कार्यान्वयन निकायहरुको आ.व. २०६७२०६८ को बार्षिक तथा सोही आ.ब.को तेश्रो चौमासिक प्रगति समीक्षा गर्नुका साथै मन्त्रालय मातहत तथा अन्य कार्यान्वयन निकायद्धारा संचालित सबै पुनर्निर्माणका आयोजना र राहत तथा पुर्नस्थापनका सबै कार्यक्रमलाई समयमै गुणस्तरीय रुपमा शतप्रतिशत प्रगति हासिल गर्ने गरी कार्यान्वयन गर्ने बिषयमा भएको निर्णयको प्रतिलिपि पाना एक संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध गर्दछु । उक्त निर्णय कार्यान्वयन भई सो को प्रगति बिबरण नियमित रुपमा मन्त्रालयमा समेत उपलब्ध हुने ब्यबस्था हुन अनुरोध गदर्छु ।

नोट : यस मन्त्रालयका सबै सूचना तथा तथ्याङ्कहरु  www.peace.gov.np बाट सजिलै प्रप्त गर्न सकिन्छ ।

(प्रेमप्रसाद संजेल)

उप सचिव

अनुगमन तथा मूल्याङकन शाखा

बोधार्थ तथा कार्यार्थ

श्रीमान् सचिवज्यू स्थानीय बिकास मन्त्रालय, श्रीमहलपुल्चोक ललितपुर ।

श्रीमान् सचिवज्यू शिक्षा तथा खेलकूद मन्त्रालय , केशरमहल काठमाण्डौ ।

श्रीमान् सचिवज्यू बन मन्त्रालय , सिंहदरबार काठमाण्डौ ।

श्रीमान् सचिवज्यू स्वास्थ्य मन्त्रालय , रामशाहपथ, काठमाण्डौ ।

श्रीमान् सचिवज्यू,  भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरबार, कठमाण्डौ ।

श्री अर्थ मन्त्रालय अनुगमन तथा मूल्याड.कन महाशाखा सिहदरबार ।

श्री अर्थ मन्त्रालय बजेट महाशाखा सिहदरबार ।

श्री गृह मन्त्रालय सिंहदरबार, कठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, अनुगमन तथा मूल्याड.कन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, गरिबी निवारण महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री सामान्य प्रशासन मन्त्रालय, ( ब्यबस्थापन परीक्षण शाखा )  सिहंहदरबार काठमाण्डौ ।

## निर्णयहरु

**निर्णय नं. १**

मन्त्रालय, मातहातका निकायहरु तथा सरोकारवाला कार्यान्वयन निकायद्वारा गत बर्ष संचालित आयोजना तथा कार्यक्रमको बार्षिक प्रगति समीक्षा गर्दा आ.व. २०६७/२०६८ को यस मन्त्रालयको समग्र वित्तीय प्रगति ६९.३ प्रतिशत, शिविर व्यवस्थापन तर्फको वित्तीय प्रगति ९८.५ प्रतिशत, पुनर्निर्माण परियोजनाको वित्तीय प्रगति ७१.१ प्रतिशत, राहत तथा पुनर्स्थापनको प्रगति ८४.२ प्रतिशत, शान्ति प्रकृया सहयोग आयोजनाको वित्तीय प्रगति १७.९ प्रतिशत, र स्थानीय शान्ति समितिको प्रगति ५६.६ प्रतिशत भएको देखियो । आयोजन कार्यान्वयनमा गत बर्ष देखिएका कमी कमजोरीलाई तत्काल सुधार गरी चालु बर्ष शतप्रतिशत प्रगति हासिल गर्ने गरी यस आ.व. को शुरु देखि सचेत रहन सबै मातहातका निकाय तथा सरोकारवाला निकायहरुलाई निर्देशन दिने ।

**निर्णय नं. २**

सबै योजना तथा कार्यक्रमको वित्तीय प्रगतिले मात्र भौतिक प्रगतिको समेत समग्र प्रतिनिधित्व गर्छ भनी ठोकुवा गर्न कठिन हुने भएकोले अब उप्रान्तका प्रगति समीक्षा बैठकमा यथासंभव भौतिक प्रगतिलाई समेत प्रतिशतमा उल्लेख गर्ने व्यवस्था गर्ने ।

**निर्णय नं. ३**

२०६७ साल चैत्र २१ गते माननीय शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यूको अध्यक्षतामा बसेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकको १६ बुँदे निर्णयमा उल्लेख भएका कमीकमजोरीहरु नै यस बर्षको बार्षिक समीक्षा कार्यक्रममा पनि दोहोरिएको देखिएकोले उक्त निर्णयमा उल्लेखित बुँदाहरु मध्ये कार्यान्वयन हुन बाँकी बुँदाहरु अक्षरशः कार्यान्वयन गर्न मातहातका निकाय तथा सरोकारवाला निकायलाई पुन निर्देशन दिने ।

**निर्णय नं. ४**

२०६८ साल असोज देखि लागू हुने गरी सबै जिल्लास्तरीय शान्ति समितिका संयोजकको संयोजकत्वमा जिल्लाका संपूर्ण कार्यान्वयन निकाय मातहातमा संचालित सबै पुनर्निर्माण तथा राहातका कार्यक्रमको मासिक प्रगति समीक्षा बैठक तत् तत् निकायका स्थानीय कार्यालय प्रमुखको उपस्थितिमा अनिवार्य रुपमा सम्पन्न गरी जिल्लाको समग्र प्रगति विवरण स्थानीय शान्ति समितिले नै मन्त्रालयमा पठाउने व्यवस्था लागु गर्ने ।

**निर्णय नं. ५**

माननीय मन्त्रीज्यूको अध्यक्षतामा मन्त्रालयस्तरीय बिकास समस्या समाधान समितिको बैठक हरेक २ महिनामा मन्त्रालयमा बस्नैपर्ने भनी कानूनले नै तोकेको हुँदा अब उप्रान्त मातहतका तथा सरोकारवाला सबै निकायहरुले अनिबार्य रुपमा द्वैमासिक प्रगति तयार गरी मन्त्रालयमा पेश गर्ने ।

(दस्तखत)

-----------------

(पम्फा भुसाल)

माननीय मन्त्री

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

मिति : २०६८।५।१